मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :

बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012

544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक,

स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन ७ गते बिहीबार ❑ 19 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## देशमा सुशासन स्थापना गर्ने सभापति थापाको प्रतिज्ञा

**रासस**

काठमाडौं, ६ फागुन

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले देशमा सुशासन स्थापना गर्ने प्रतिज्ञा गर्नुभएको छ ।

जनकपुरको तिरूहुतिया गाछीमाबुधबारआयोजितप्रतिज्ञासभालाई सम्बोधन गर्दै उहाँले सबैलाई समेटेर लैजान कांग्रेस सक्षम रहेको दाबी गर्नुभयो । सभापति थापाले भन्नुभयो, "मधेशबाट कांग्रेसले देश बदल्ने सहास लिएको छ । आट लिएको छ । अब मधेसले देशको सङ्घीयतालाई कार्यान्वयन गराउन जरूरी छ ।" उहाँले मधेसले देशलाई नेतृत्व गर्ने शिक्षा, स्वास्थ्य र विज्ञान र सूचना प्रविधिको क्षेत्र भएकाले मधेशले अब परिवर्तिन गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "मधेसको शिक्षा नभएको भए आज पहाडमा गणित राम्रो पढाइ हुँदैनथ्यो । पहाडमा मधेसका शिक्षकले पढाएका



हुन् । उहाँकै शिक्षाले देश शिक्षित भएको छ । तर आज मधेसको शिक्षा, स्वास्थ्य र बिमाको अवस्था जरजर छ, यहाँ किसान, उखु किसानको अवस्था, पर्यावर्यावरणको अवस्था भयावह छ । खानेपानीको समस्या समाधान गर्न म मधेस आएको हुँ ।" सभापति थापाले सिङ्गो देशलाई पाल्न सक्ने तागत बोक्न सक्ने मधेस बनाउने कांग्रेसले प्रतिज्ञा गरेको बताउनुभयो । उहाँले मधेसका या देशका जुनसुकै युवा विदेशमा भए त्यहाँ दूतावास राखेर भए पनि नेपालीको हेरचाह गर्ने व्यवस्था गर्ने उल्लेख गर्नुभयो । सभापति थापाले भन्नुभयो, "अब मधेश वा कुनै क्षेत्रका नेपाली विदेशमा रहेछ भने उसको हेरचाह गर्न नेपाल सरकारले दूतावासको व्यवस्था र कर्मचारीको व्यवस्था गर्छ ।"

सभापति थापाले मधेसको वित्तीय संरचना खल्बलिएकाले यहाँका सहकारी ठगलाई तह लगाउन कांग्रेस मधेस आएको बताउनुभयो । "यहाँको वित्तीय संस्था खल्बलिएको छ", उहाँले भन्नुभयो, "सहकारी ठगको बिगबिगी बढेको छ । सहकारी ठगहरूलाई तह लगाउन कांग्रेस मधेस झरेको छु ।" सभापति थापाले मधेसका युवाहरूले देखेको क्रिकेटको सपना पूरा गराउन चाहेकोले यहाँ क्रिकेट एकाडेमी बनाउने रहेको बताएका छन् । उहाँले भन्नुभयो, "मैले यहाँका युवाको क्रिकेटको सपना पूरा गर्न चाहन्छु ।" उहाँले आफू मधेसको बेटा बन्न आएको भन्दै दुर्गानन्दको सहास, कुशेश्वरको रगतको सम्मान र महेन्द्रनिधिको जीवनशैली रहेकोले यहाँ आफू मधेसमा आएको बताउनुभयो ।

कांग्रेस पखालिएर जनविश्वास लिन मधेस आएको सभापति थापाले बताउनुभयो । "अब हामी मत मात्रै होइन विश्वास र भरोसा लिन आएक छौं । देशलाई सँगसँगै हिँडाउन र परिवर्तन देख्न आएको हुँ । म सबै युवाको सपना पूरा गर्न र युवाहरूको साँझा पार्टी बनाउन आएको हुँ", उहाँले भन्नुभयो ।

## प्रविधिको दुरुपयोग नगर्न आयोगको आग्रह

**रासस**

काठमाडौं, ६ फागुन

निर्वाचन आयोगले प्रविधिको दुरुपयोगले निर्वाचनको निष्पक्षतालाई नै धराशायी बनाउन सक्ने जोखिम भएकाले यसतर्फ गम्भीर बन्न सम्बन्धित सबैको ध्यानाकर्षण गराएको छ ।

आयोगले सामाजिक सञ्जालमा गलत सूचना सम्प्रेषण नगर्न र नगराउन एवम् सहयोगी भूमिका निर्वाह गरिदिन पनि आम सञ्चारलगायतका सम्बन्धित पक्षसँग आग्रह गरेको छ ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई)को प्रयोग गरी सृजना गरिएका दिग्भ्रमित पार्ने सामग्री सामाजिक सञ्जालमा नराख्न र निर्वाचनलाई मर्यादित बनाउन आग्रह गर्नुभयो । उहाँले निर्वाचनको मत सर्वेक्षण गरी आएको नतिजा नतिजा सार्वजनिक गर्ने काम नगर्न समेत सञ्चार माध्यमहरुलाई आग्रह गर्नुभएको छ । उहाँले भन्नुभयो, "हालैका केही अभ्यासहरु, जसमा मतदान हुनुअघि नै मतदाताहरुको कुराकानीलाई आधार बनाएर हारजीतको अनुमान गर्ने वा मत सर्वेक्षण गरी नतिजा सार्वजनिक गर्ने गरिएको छ । त्यसप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।" निर्वाचन आचारसंहिता, २०८२ ले प्रस्ताव गरेको मतदातको स्वतन्त्र निर्णयलाई दिग्भ्रमित तुल्याउन सक्ने भएकाले नतिजा पहिला नै घोषणा गरिदिँदै उम्मेदवारहरुलाई हतोत्साही बनाउने र प्रतिस्पर्धाको वातावरणलाई खलल पुऱ्याउन काम नगर्न आयोगले अनुरोध गरेको छ । प्रविधिको तीव्र विकाससँगै एआईको प्रयोग गरी सृजना गरिएका दिग्भ्रमित पार्ने सामग्री सामाजिक सञ्जालमा सम्प्रेषण नगर्न र नगराउन सहयोगी भुमिका निर्वाह गरिदिन आयोगले विशेष आग्रह गर्दै आएको छ ।

प्रविधिले सूचना प्रवाहमा सहजता ल्याएपनि यसको दुरुपयोगले निर्वाचनको निष्पक्षतालाई नै धराशायी बनाउन सक्ने जोखिम भएकाले यसतर्फ गम्भीर बन्न आयोगले ध्यानाकर्षण गराएको छ । निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने कुरामा हरेकले आफ्नो जिम्मेवारी सम्झेर काम गर्नुपर्ने आयोगको धारणा छ ।

## नेसनल प्याक्सनको गण्डकी प्रदेश अध्यक्षमा सिकन्दर

**पोखरापत्र संवाददाता**

पोखरा, ६ फागुन

गीता राणा केन्द्रीय अध्यक्ष रहेको नेसनल प्याक्सनको गण्डकी प्रदेश अध्यक्षमा सिकन्दर गुरुङ चयन भएका छन् ।

बुधवार पोखरामा सम्पन्न दोस्रो प्रदेश अधिवेशनले यस अघि गण्डकी प्रदेश सचिव रहेका तनहुँका गुरुङको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति चयन गरेको हो । केन्द्रीय उपाध्यक्ष तथा गण्डकी प्रदेश समन्वय उपसमिति संयोजक तिलक चौहानको अध्यक्षतामा सम्पन्न अधिवेशनले उपाध्यक्षमा



कास्कीका चेतनारायण भण्डारी,सचिवमा तनहुँका बालचन्द्र घिमिरे,कोषाध्यक्षमा नवलपूरका शिव गुरुङलाई चयन गरेको छ ।

यसै गरी सदस्यहरुमा तनहुँका तारा भट्टराई, बागलुङ्गका गणेश मल्ल,कास्कीका प्रेम भण्डारी र भोजराज अधिकारी रहेका छन् भने नवलपूरबाट १ सदस्य पछि थप गरिने वताइएको छ ।

नेसनल प्याक्सनका केन्द्रीय उपाध्यक्ष सुर्यबहादुर अधिकारीले उद्घाटन गरेको कार्यक्रममा नेसनल प्याब्सन कास्कीका अध्यक्ष रोशन कोइरालाले कार्यक्रममा स्वागत


बाँकी अन्तिम पृष्ठमा ▶▶


## एमालेको नेसनल भोलिन्टियर्स फोर्स गठन

**पोखरापत्र संवाददाता**

पोखरा, ६ फागुन

नेकपा (एमाले)ले नेसनल भोलेन्टियर्स फोर्स गण्डकी प्रदेश र कास्की जिल्लाको युनिफाइड कमाण्ड घोषणा गरेको छ ।

फोर्सको प्रदेश इन्चार्जमा सुशिल बस्नेत र फोर्सको प्रदेश प्रमुख कमान्डरमा पानबहादुर जिसी छन् । प्रदेशको सह कमाण्डरमा गोविन्द भुषाल, नवीनकुमार श्रेष्ठ रहेका छन् । फोर्सको हेडक्वाटर कमाण्डरमा देवान गुरुङ, विकास पहारी, चीनबहादुर पुन र मञ्जु जिसी रहेको प्रदेश इञ्चार्ज बस्नेतले जानकारी दिए । त्यस्तै फोर्स कास्कीको इञ्चार्जमा नमराज केसी र फोर्सको युनिफाइड कमाण्डरमा सूर्य लामा र सहकमाण्डरमा बज्रराज



अधिकारी (सुरज), राजु गिरी, उमेश बिसंखे रहेका छन् ।

कमाण्डरमा विश्वास गुरुङ, कृष्ण हमाल, अभिषेक गुरुङ, दिपक मल्ल, गणेश विक, रवी गुरुङ, खेम गुरुङ, प्रकाश बराल, सिद्धान्त गुरुङ लगायत रहेका छन् । फोर्सको कमाण्ड घोषणा कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी एमालेमा प्रवेश गरेका छन् । नवप्रवेशीलाई एमालेका केन्द्रीय सचिव खगराज अधिकारीले पार्टीमा औपचारिक रुपमा स्वागत गरे । उनले एमालेको सहायक संगठनको रुपमा रहेको फोर्स विशेष खालको संगठन भएको बताए । यो संगठन सामान्य खालको संगठन नभएको उल्लेख गर्दै उनले यो संगठनले देश र जनताको रक्षा गर्ने जिम्मेवारी लिएको जनाए । फोर्सका केन्द्रीय कमाण्ड प्रमुख पुष्पराज श्रेष्ठले निर्वाचनको १० हजार ९ सय ६७ मतदान केन्द्रमा २ लाख २२ हजार युवा परिचालन गर्ने बताए ।

कार्यक्रममा एमालेका केन्द्रीय सदस्य राजीव पहारी, गण्डकी प्रदेश कमिटीका सचिव धनञ्जय दवाडी, कास्कीका कार्यवहाक अध्यक्ष भेषराज बराल, फोर्सका केन्द्रीय सहकमाण्डर विनिता काफ्ले, अर्जुन पौडेल, सुशिल बस्नेत लगायतले बोलेका थिए ।

## मनाङलाई सडेन डेथमा पराजित गर्दै आयोजक सहारा क्लव आहा ! रारा पोखरा गोल्डकपको फाइनलमा प्रबेश

**पोखरापत्र संवाददाता**

पोखरा, ६ फागुन

आहा रारा पोखरा गोल्ड कपमा सर्वाधिक सफलता हासिल गरेको मनाङ मर्स्याङ्दी क्लवलाई सडेन डेथमा पराजित गर्दै आयोजक सहारा क्लव २५ औं आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता-२०८२ को फाइनलमा प्रबेश गरेको छ ।

पोखरा रंगशालाको फुटबल मैदानमा बुधबार भएको पहिलो सेमिफाइनल खेलमा सहाराले मनाङलाई टाईब्रेकरको सडेन डेथमा ७–६ को गोल अन्तरले पराजित गर्दै उपाधि नजिक पुगेको हो । सडेन डेथमा मनाङका सविन खड्काले प्रहार गरेको पेनाल्टी सुट सहाराका गोलरक्षक टिकेन्द्र थापाले उत्कृष्ट बचाउ गर्दै सहारालाई फाइनलमा पुऱ्याउनु भएको हो । दोश्रो सडेन डेथमा सहाराका कप्तान शुसिल लामाले गोल गर्नु भएको



थियो । पहिलो सडेन डेथमा सहाराका आसिस गुरुङले पेनाल्टी सुटमा गोल गर्नु भयो भने मनाङका गिदोन नोआ किरेमेहले गोल गर्नु भएको हो । ९० मिनेट र थपिएको ३० मिनेटको अतिरिक्त समयमा दुबै तर्फ गोल हुन नसके पछि खेल टाईब्रेकरमा पुगे पनि टाईब्रेकरमा पनि दुबै तर्फ ५–५ गोल भएसंगै निर्णायकको अन्तिम विकल्प सडेन डेथमा खेल पुगेको हो ।

आहा रारा पोखरा गोल्ड कपमा ६ पटक उपाधि जितेको मनाङले पाएका केही अवसर सदुपयोग गर्न नसक्दा खेल लम्बिएसंगै सडेन डेथमा पुगेर पराजित हुनु परेको अनिल तामाङले बताउनु भयो । १२ बर्ष अघि अर्थात क्याराभान बाहेक १२ औं आहा रारा पोखरा गोल्ड कपको उपाधि जितेको सहाराले यस बर्ष १२ बर्ष पछि खोला फर्काउने गरी फाइनल खेल जित्ने रणनितिका साथ तयारी गरेको प्रशिक्षक सुनिल राना मगरले बताउनु भयो । आजको खेलमा सहाराका तै डिनियल बदारु म्यान अफ दी म्याच घोषित हुदै १० हजारको साथमा ट्रफी पुरस्कार प्राप्त गर्नुभयो । बुधबारको खेलको शुभारम्भ हिमश्री फुड्स प्रालिका निर्देशन युवा व्यवसायी किरण केसीले रेफ्रिलाई वल हस्तान्तरण गरी गर्नु भएको हो ।

यसैबिच, बिहीबार दोश्रो सेमिफाइनल खेल हुने भएको छ । समुह बीबाट उज्वेकिस्तानको आबा फुटवल क्लव बिरुद्ध जावलाखेल युथ क्लव बिच विहिबार दिउसो ३:०० बजे पछि सेमिफाइनल खेल हुने भएको प्रतियोगिताका संयोजक पूर्णबहादुर गुरुङले बताउनु भयो । हिमश्री फुड्सको उत्पादन रारा तयारी चाउचाउको मुख्य प्रायोजनमा प्रतियोगिता संचालन भएको हो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पोखरा जगदम्बा ट्राभल्सले पोखरा-काठमाडौँ रुटमा ईभी बस सेवा सुरु

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

पर्यटनको राजधानी पोखरामा यात्रु बहाक बस सेवामा गुणस्तरिय तथा लक्जरी बस सेवा संचालन गर्दै आएको पोखरा जगदम्बा ट्राभल्सले समय सापेक्षा आफुलाई परिमार्जन गर्न थालेको छ।

पोखरादेखि काठमाण्डौं रुट मात्र नभई पोखरा देखि भारतको दिल्लीसम्म प्रभावकारी सेवा संचालन गरेको यस कम्पनीले पोखरा काठमाण्डौं रुटमा इभि बस सेवा सुरु गरेको हो । पोखरादेखि काठमाडौं धुलीखेल तथा वनेपासम्मको लागि ईभि बस सेवा बुधबार देखि सुरु गरिएको पोखरा जगदम्बा ट्राभल्सका अध्यक्ष केशबप्रसाद अधिकारीले बताउनु भयो । दुई वटा सुविधा सम्पन्न इलेक्ट्रिक बस मार्फत सेवा विस्तार गरेको बताउदै उहाँले ३५ सिट क्षमताको ईभी लक्जरी बस सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो । जहाजसरह आरामदायी सिट सुविधा रहेको बसको भाडादर पोखरा-धुलिखेल/बनेपाका लागि जम्मा ९ सय रुपैयाँ निर्धारण गरिएको उल्लेख गर्दै उहाँले जगदम्बाको



ब्राण्ड रुचाउने मध्यम बर्ग, विद्यार्थी तथा सुलभ सेवा खोज्ने यात्रुलाई ध्यानमा राखेर भाडा तय गरिएको अध्यक्ष अधिकारीले बताउनु भयो । पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीमा आबद्ध पोखरा जगदम्बा ट्राभल्सले आफुलाई समय सापेक्ष बनाउने अभियान सुरु गरेको उहाँले बताउनुभयो ।

उहाँका अनुसार बिहान ९ बजे पोखराको पर्स्याडबाट छुट्ने बस लेकसाइड हुँदै पर्यटन बसपार्कबाट ९:३० बजे काठमाण्डौं तर्फ प्रस्थान गर्नेछ । त्यसैगरी धुलिखेल/बनेपाबाट बिहान ७ बजे छुटेर कलंकी हुँदै उक्त बस पोखरा आउने भएको छ । कम्पनीले प्रति बस १ करोड ६७ लाख रुपैयाँ मूल्यमा खरिद गरेको हो । यसैबिच, एक समारोहका बिच बुधबार पर्यटन विभागका महानिर्देशक रामकृष्ण लामिछानेले उक्त सेवाको शुभारम्भ गर्नुभएको हो । शुभारम्भ कार्यक्रममा वोल्दै उहाँले पर्यटकीय राजधानीबाट सुविधासम्पन्न ईभी गाडी सञ्चालनमा आउनु देशकै लागि सकारात्मक सन्देश भएको बताउनुभयो। निजी क्षेत्र नै विकासको सारथी भएको उल्लेख गर्दै उहाँले नयाँ प्रविधि र सुलभ भाडादरले धेरै यात्रुलाई उत्साहित बनाउने उहाँले विश्वास व्यक्त गर्नुभयो । सहनशीला मोटर्सका महानिर्देशक सन्तोस खतिवडाले उक्त बस नेपाल भित्र्याइएको र अबको युग इलेक्ट्रिक सवारी साधनको भएको दाबी गर्नुभयो । १ करोड ६७ लाख रुपैयाँ मूल्यको बसमा ३५ सिट क्षमता रहेको जानकारी दिँदै उहाँले नेपालमा हाल ७३ प्रतिशतसम्म ईभी सवारीको पहुँच बढेको दाबी गर्नुभयो। भन्सारमा एक प्रतिशत मात्र कर लाग्ने भएकाले अन्य सवारीको तुलनामा करिब २० प्रतिशतसम्म सहुलियत हुने उहाँको तर्क छ। उक्त कार्यक्रममा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष एवं पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका अध्यक्ष ऐनकुमार साही, गण्डकी प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रमुख, ट्राफिक प्रहरी उपरीक्षक दानबहादुर थापा, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीका संयोजक केदार पौडेल र नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेस पौडेल लगायतले अबको यात्रा सुरक्षित र गुणस्तरीय हुनुपर्नेमा जोड दिनुभयो ।

शान्तिका प्रतिक परेवा उडाउदै उक्त सेवा शुभारम्भ गर्दै अध्यक्ष अधिकारीले यातायात क्षेत्रले सधै शान्ति चाहेको देशमा विकास चाहेको उल्लेख गर्दै पोखराको पर्यटन प्रबर्द्धनमा नयाँ स्तरिय बस सेवा विस्तार गर्दै जाने बताउनु भयो ।

# धन बहादुर गुरुङ सांगीतिक साँझको भव्य तयारी

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन




पोखरा रंगशालामा फागुन ८ गते हुने 'धन बहादुर गुरुङ साँझ २०८२' को तयारी अन्तिम चरणमा पुगेको छ।

तमु (गुरुङ) कलाकार संघ नेपाल, गण्डकी प्रदेशको आयोजनामा हुने कार्यक्रमको ९५ प्रतिशत तयारी पुरा भएको आयोजकले बुधबार पोखरामा पत्रकार सम्मेलन गरी जानकारी दिएको छ । गायक धन बहादुर गुरुङको सम्मान र 'तमु (गुरुङ) कलाकार कल्याणकारी कोष' स्थापनार्थ हुने कार्यक्रमको तयारी भव्य भइरहेको तमु (गुरुङ) कलाकार संघ नेपाल, गण्डकी प्रदेशका अध्यक्ष विक्रम गुरुङले जानकारी दिए। कार्यक्रममा स्रष्टा गुरुङका वि.सं. २०४५ देखि हालसम्मका चर्चित एवं कालजयी गीतहरू गुञ्जने उनले बताए।

५ हजारभन्दा बढी गीतमा स्वर, शब्द र संगीत दिएर नेपाली कला क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएका स्रष्टा धनबहादुरर गुरुङलाई आयोजकले सम्मान पनि गर्नेछ । स्रष्टा गुरुङलाई नगद १ लाख ५१ हजार रुपैयाँ र सम्मान पत्रसहित विशेष सम्मान गरिने कार्यक्रम संयोजक गोरे गुरुङले जानकारी दिए । गुरुङको ताङतिङैको मेलैमा, आयादो ठागु, माया पिरती, छ्याँबाह्रानी डोल्स्यो, खो रिमै थुमै, ख्वालबै माया, क्यदे थुलेन दुख मुना, बर्खे खजे लगायत लगायत गीत चर्चामा छन् । सांगीतिक साँझलाई भव्य बनाउन भारत सिक्किमका पूर्व मन्त्री तथा पूर्व विधयेक संघ सिक्किमका अध्यक्ष गर्जमान गुरुङको विशिष्ट आतिथ्यता रहने संयोजक गुरुङले बताए । सांगितिक साँझमा स्रष्टा गुरुङलाई विष्णु गुरुङ, उमा गुरुङ, माया गुरुङ, रोशन गुरुङ, डबिन गुरुङ, राज बहादुर गुरुङ लगायतका स्थापित कलाकार हरुले साथ दिनेछन् । गायनका साथै हिमाली सांस्कृतिक परिवार, तरेली सांस्कृतिक परिवार, तमु प्हे प्हु संघ केन्द्रीय युवा समिति, अनुशीलन कला पाठशाला, तमु धिं केन्द्रीय युवा समिति, नेपाल तमु (गुरुङ) विद्यार्थी छोंज धिं र नाल्मा गाउँ, लमजुङलगायतका विभिन्न संघ-संस्थाहरुको प्रस्तुती पनि रहनेछ । कार्यक्रमलाई सफल बनाउन विभिन्न क्षेत्रबाट हालसम्म करिब ३३ लाख ७ सय ५५ रुपैयाँ संकलन भइसकेको संयोजक गुरुङले जानकारी दिए। कार्यक्रम सम्पन्नसम्म ४० लाख रुपैयाँ आम्दानी हुने आयोजकको आंकलन छ । त्यसबाट करिब १५ देखि २० लाख रुपैयाँ बचत हुने लक्ष्य राखिएको छ । कार्यक्रमबाट बचत भएको बचत रकम कलाकारहरूको हितका लागि कल्याणकारी कोषमा जम्मा गरिने कार्यक्रम संयोजक गुरुङले बताए । टिकट व्यवस्थापनका सम्बन्धमा संस्थाका उपाध्यक्ष टसबहादुर गुरुङका अनुसार हालसम्म ८ हजार २ सय ८३ थान टिकट बिक्रीका लागि बजारमा पठाइसकिएको छ । कार्यक्रममा कास्की, तनहुँ, स्याङ्जा, लमजुङ, गोर्खा र काठमाडौँ लगायतका क्षेत्रबाट समेत ठुलो संख्यामा दर्शकहरू आउने अपेक्षा गरिएको छ। टाढाबाट आउने दर्शकहरूको सुविधाका लागि आयोजकले कार्यक्रम स्थलबाट काहुँखोला, छोरेपाटन, सैनिकबस्ती लेखनाथ र लामाचौर हुँदै महेन्द्र गुफासम्म पुग्ने निःशुल्क बस सेवाको समेत व्यवस्था गरेको छ। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल पर्यटन बोर्ड, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय,गण्डकी, पर्यटन तथा उद्योग मन्त्रालय, गण्डकी र गण्डकी प्रज्ञा-प्रतिष्ठानको प्रवर्द्धनमा हुन लागेको कार्यक्रमको मुख्य सहकार्यमा नाल्मा तमु समाज पोखरा रहेको छ।

# घान्द्रुक पर्यटन महोत्सव सुरु

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

कास्कीको अन्नपूर्ण गाउँपालिका १०/११ स्थित घान्द्रुकमा घान्द्रुक पर्यटन महोत्सव सुरु भएको छ।

घान्द्रुक पर्यटन व्यवस्थापन समिति र रोधीं क्लब कौंड (घान्द्रुक)को संयुक्त आयोजनामा बुधबारदेखि सुरु भएको महोत्सवको उद्घाटन अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णु बहादुर केसीले गरे।

महोत्सवको उद्घाटनपछि बोल्दै गाउँपालिका अध्यक्ष केसीले गाउँपालिकालाई समृद्ध बनाउने मुख्य आधार पर्यटन क्षेत्र रहेको बताए । 'अन्नपूर्ण गाउँपालिकालाई समृद्ध बनाउने मुख्य आधार कृषि र पर्यटन हो, हामीले वडा नम्बर ७ देखि ११ वडालाई पर्यटकीय क्षेत्रका रुपमा घोषणा गरेका छौं, बाँकीलाई कृषि क्षेत्रको रुपमा', अध्यक्ष केसीले भने, 'घान्द्रुकसँगै अन्नपूर्ण गाउँपालिकाका भित्रका पर्यटकीय स्थलहरुको प्रवर्द्धन गर्दै गाउँपालिकालाई समृद्ध बनाउने अभियानमा हामी छौं।'

अध्यक्ष केसीले अन्नपूर्ण गाउँपालिकाको विभिन्न स्थानमा जाने आन्तरिक तथा बाह्य पर्यटकलाई सहज बनाउन विरेठाँटीमा एकीकृत पर्यटक सूचना केन्द्रको स्थापना गरेको उल्लेख गरे।'जति पनि पर्यटकहरु अन्नपूर्ण गाउँपालिका भित्र रहेका र यहाँबाट म्याग्दी लगायत



विभिन्न पर्यटकीय स्थलमा जाने पर्यटकहरुलाई सजहजता बनाउन विरेठाँटीमा एकीकृत पर्यटक सूचना केन्द्र निर्माण गरेका छौं', उनले भने, 'सही सूचना प्रदान गर्ने, नयाँ पर्यटकीय गन्तव्य र गतिविधिको प्रचार गर्ने, आन्तरिक उत्पादन प्रवर्द्धन गर्ने, पर्यटकलाई पदमार्ग, घुम्न सकिने ठाउँ, अवलोकन गर्न सकिने दृश्य एवं संस्कृतिसहित पर्यटनबारे जानकारी लिन सक्नेछन्।'

उनले घान्द्रुक आउने पर्यटकहरुका बसाई लम्बाउन घान्द्रुक पर्यटन व्यवस्थापन समिति र रोधीं क्लब कौंड (घान्द्रुक)ले अगाडि सारेका पूर्वाधार निर्माणमा गाउँपालिकाले बजेट विनियोजन गरेर सम्पन्न गर्न सहयोग पुऱ्याउने बताए । अन्नपूर्ण बेस क्याप जाने पर्यटकहरुको स्वास्थ्य जाँच गर्न गाउँपालिकाले बेस क्यापमा कर्मचारी नै खटाएर नियमित स्वास्थ्य चेकजाँच गर्दै पर्यटकहरुको सुरक्षालाई ध्यान दिएको उनले उल्लेख गरे।

महोत्सवको अवसरमा घान्द्रुकमा निर्माणाधिन स्वास्थ्य चौकी निर्माण गर्न निशुल्क जग्गा प्रदान गर्ने होटल रोयल भ्यूका सञ्चालक राजु गुरुङ र घान्द्रुक समाज जापानका संस्थापक अध्यक्ष बुद्धि बहादुर गुरुङ (ज्या) लाई सम्मान गरिएको थियो । यस्तै महोत्सवमा झाँकी ऱ्यालीमा सहभागी समूहलाई समेत सम्मान गरिएको थियो।

रोधीं क्लब कौंड (घान्द्रुक) का वरिष्ठ उपाध्यक्ष लामा अमृत गुरुङले महोत्सव अवधिभर घान्द्रुक आउने पर्यटकलाई १५ प्रतिशत छुट रहेको बताए । 'महोत्सव अवधिभर घान्द्रुक आउने पर्यटकहरुलाई १५ प्रतिशत छुट रहेको छ', गुरुङले भने, 'महोत्सवमा दिनमा हामीले खेलकुद प्रतियोगिता र साँझमा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने छौं।' फागुन ९ गतेसम्म सञ्चालन हुने महोत्सवको अवसरमा राष्ट्रव्यापी बास्केटबल प्रतियोगिता, घोडा दौड प्रतियोगिता,भेडाको साँढ जुडाई प्रतियोगिता,रस्साकस्सी प्रतियोगिता, छेलो प्रतियोगिता लगायतका प्रतियोगिता आयोजना गरिएको उपाध्यक्ष गुरुङले बताए। महोत्सवको पहिलो दिन भएको राष्ट्रव्यापी अन्तरपालिका खुल्ला पुरुष बास्केटबल प्रतियोगिताको उद्घाटन खेलमा अन्नपूर्ण गाउँपालिकाले विजयी सुरुवात गरेको छ। अन्नपूर्ण गाउँपालिकाले माछापुच्छ्रे युथ क्लबलाई पराजित गरेको हो। बास्केटबल प्रतियोगिता लिग कम नकआउटको आधारमा सञ्चालन हुनेछ। उनका अनुसार बिहीबार घोडा दौड,शुक्रबार भेडाको साँढे जुधाइ प्रतियोगिता सञ्चालन हुनेछ।

राष्ट्रव्यापी अन्तरपालिका खुल्ला पुरुष बास्केटबल प्रतियोगिताको विजेताले समान १ लाख ६६ हजार ६ सय ६६, उपविजेताले १ लाख ११ हजार १ सय ११ र तृतीय हुनेले ५५ हजार ५ सय ५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै घोडा दौड प्रतियोगिताको प्रथम हुनेले १ लाख १ हजार १ सय ११, द्धितिय हुनेले ४० हजार ४ सय ४४, तृतीय हुनेले २० हजार २ सय २२,चौथो हुनेले ११ हजार पाँचौ हुनेले ९ हजार, छैठौं हुनेले ७ हजार र सातौं हुनेले ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन्।

घान्द्रुक चक्रिय पदमार्ग दौडको प्रतियोगिताको विजेताले १६ हजार ६ सय ६६, उपविजेताले ७ हजार ४ सय ४४ र तृतीय हुनेले ३ हजार ४ सय ४४ रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

# ऐरीको अर्धशतकमा स्कटल्याण्डविरुद्ध नेपालको जित

रासस
काठमाडौं, ६ फागुन

आइसिसी टी-२० विश्वकप २०२६ अन्तर्गत आफ्नो चौथो खेलमा नेपालले स्कटल्याण्डलाई पराजित गरेको छ।

भारतको मुम्बईस्थित वानखेडे स्टेडियममा आज भएको खेलमा नेपालले स्कटल्याण्डलाई सात विकेटले पराजित गरेको हो । नेपालले विश्वकपमा १२ वर्षपछि जित हासिल गरेको हो। यसअघि सन् २०१४ मा बङ्लादेशमा भएको विश्वकपमा नेपालले हङकङ र अफगानिस्तानलाई पराजित गरेको थियो । स्कटल्याण्डले जितका लागि दिएको १७१ रनको लक्ष्य पछ्याएको नेपालले १९.२ ओभरमा ३ विकेट गुमाएर पूरा गऱ्यो । नेपालको जितमा दीपेन्द्र सिंह ऐरीले अर्धशतक प्रहार गरे। उनले २३ बलमा ४ चौका र ३ छक्का प्रहार गर्दै अविजित ५० रन जोडे । त्यस्तै गुल्सन झाले अविजित २४ रन जोडे।

ओपनर कुशल भुर्तेलले ३५ बलमा १ चौका र ४ छक्काको मद्दतमा ४३ रन बनाए भने ओपनर आसिफ शेखले २७ बलमा २ छक्का प्रहार गर्दै ३३ रन बनाए । कप्तान रोहित पौडेलले १६ रन जोडे । बलिङमा स्कटल्याण्डका माइकल लिस्कले तीन विकेट लिए। टस हारेर पहिला ब्याटिङको निम्तो पाएको स्कटल्याण्डले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १७० रनको योगफल बनाएको थियो । स्कटल्याण्डका लागि ओपनर माइकल जोन्सले अर्धशतक प्रहार गरे। उनले ४५ बलमा आठ चौका र ३ छक्काको सहयोगमा ७१ रनको योगदान दिए। जर्ज मुन्सेले २७ र ब्राण्डन म्याकमुलेनले २५ रन जोडे।

बलिङतर्फ नेपालका सोमपाल कामीले ३ विकेट लिए भने नन्दन यादवले २ विकेट लिए। रोहित पौडेल र कुशल भुर्तेलले समान १/१ विकेट झारेका थिए।

## नेसनल ...

गरेका थिए ।नयाँ कार्यसमितिका पदाधिकारीहरुलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउदै संयोजक तिलक चौहानले नेतृत्वदायी भूमिका निभाउँदै सङ्गठनलाई चुस्त दुरुस्त बनाउनु पर्ने सुझाव दिएका थिए।

बधाई ज्ञापन समारोहमा केन्द्रीय बरिष्ठ उपाध्यक्ष तथा केन्द्रीय परीक्षा उपसमिति संयोजक ज्ञानेन्द्र मोहन भट्टराई, केन्द्रीय सचिव सन्तबहादुर तामाङ्ग, केन्द्रीय व्यवस्थापन उपसमिति संयोजक कमल रानाभाट, केन्द्रीय सहकोषाध्यक्ष शिवदत्त तिवारी लगायतले बधाई तथा शुभकामना दिँदै सफल कार्यकालको कामना गरे।

कार्यक्रम सञ्चालन केन्द्रीय सचिव सन्तबहादुर तामाङ्गले गरेका थिए । नवनिर्वाचित अध्यक्ष सिकन्दर गुरुङले आफ्ना भावी योजना प्रस्तुत गरेका थिए।




# देशको मुहार परिवर्तनका लागि रास्वपा निर्वाचनमा : सभापति लामिछाने

रासस
काठमाडौं, ६ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले देशको मुहार परिवर्तनका लागि रास्वपा निर्वाचनमा उत्रिएको बताउनुभएको छ।

रास्वपाले बुधबार धनगढीमा आयोजना गरेको परिवर्तन उद्घोष सभालाई सम्बोधन गर्दै उहाँले रास्वपाले राजनीतिक विकृति र विसङ्गतिविरुद्ध आवाज उठाइ जनतालाई अधिकार सम्पन्न बनाउने बताउनुभयो । "हामी कसैको राजनीतिक आकांक्षा ठूलो कुरा होइन", उहाँले भन्नुभयो, "देशको राजनीतिक आंकाक्षा केन्द्रमा राखेर यस हामी पटक निर्वाचनमा आएका हौं।"

राष्ट्रिय स्वतन्त्र पार्टीले पाँच वर्षको स्थायी सरकारको अपेक्षा गरेकाले निर्वाचनमा स्वविवेकले मताधिकार प्रयोग गर्न जनतालाई आग्रह गर्नुभयो। सोही कार्यक्रममा रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहले सुदूरपश्चिम र देश बनाउने जिम्मा अब राष्ट्रिय स्वतन्त्र पाटीको काँधमा आएको बताउनुभयो । निर्वाचनबाट यदि ठूलो दल बनेर सरकारमा जान सकेमा नेपालीको सपना साकार पार्ने उहाँको भनाइ थियो । वरिष्ठ नेता शाहले गरिब तथा विपन्न वर्गले प्राप्त गर्नुपर्ने शिक्षा, स्वास्थ्यलगायतका विषयहरूनै पार्टीको एजेन्डा रहेको उल्लेख गर्नुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# जनताले अधिकार पाएको दिन

नेपालमा प्रजातन्त्र स्थापना भएको ७५ वर्ष पुरा भएको छ । नेपाली जनताले प्रजातान्त्रिक अधिकार पाएको पचहत्तर वर्ष पुग्दा पनि देशमा राजनीतिक स्थायित्व हुन सकेको छैन । लोकतन्त्र र राष्ट्रियता कमजोर बन्न पुगेको छ। नेपाली जनताले आफ्नो देशको विकास र स्थायित्वका लागि पटकपटक आन्दोलन गर्नुपर्ने अवस्था छ । आन्दोलन सुशासन र भ्रष्टाचारमुक्तका लागि हुने आचरण भ्रष्ट र दलाल विचौलीयाको छ देश र जनताको मतलाई भन्दा शक्तिकेन्द्रको स्वार्थ र पद प्राप्ति नै सबथोक ठानेर षड्यन्त्रमा चल्ने नेता र दल रहेसम्म वास्तविक प्रजातन्त्रको लागि देशभक्त नेपालीले खबरदारी गर्नुपर्नेछ । ७५ वर्षको अघि १०४ बर्षको जहानीया राणा शासन अन्त्यको घोषणा भएको दिन फागुन ७ हो । जहानीया शासन अन्त्य भै जनताले राजनीतिक अधिकार पाएको दिन हो । नेपालमा राणा शासन अन्त्य भइ २००७ साल फागुन ७ गतेका दिन प्रजातन्त्र स्थापना भएको हो । राणा शासन अन्त्य भएपनि सम्पूर्ण शक्ति पराजीत भएको थिएन । आन्दोलनकारी शक्ति, राणा र राजतन्त्र बीच संभौता भएर प्रजातन्त्र आएको थियो ।

नेपालमा प्रजातन्त्र स्थापनाका लागि भारतको ठूलो साथ र समर्थन रहेको थियो । भारतको मध्यस्थतामा भएका सहमति देशको स्थायित्व र प्रजातन्त्रको संस्थागत विकास हुन सकेन। राजतन्त्रबाटै प्रजातन्त्रमाथि खतरा उत्पन्न भयो । नेपाली जनताले चाहेको जस्तो प्रजातन्त्र पाउन धेरै संघर्ष र आन्दोलन गर्नुपर्‍यो । २००७ सालमा राजा त्रिभुवनले जनतासामु गरेको आफ्नो संविधान आफै बनाउने घोषणा कार्यान्वयन हुन धेरै क्रान्ति ,संघर्ष भयो ।जनताको बलिदान र देशले धेरै सामर्थ्य गुमाउनु परेको छ हामीले प्राप्त गरेको लोकतन्त्र/प्रजातन्त्र जप्ने मन्त्र होइन । कसैले आफूलाई लोकतन्त्रवादी प्रजातन्त्रवादी भनेर पुग्ने अवस्था छैन । व्यवहारमा लोकतन्त्र छ कि छैन महत्वपूर्ण हो । नेपालका राजनीतिक दल र तीनका नेताले अपनाउने व्यवहारले लोकतन्त्र कति मजबुत छ भन्ने कुरा स्पष्ट हुन्छ । सत्तामा पुग्नका लागि नेपालका राजनैतिक दल र नेताहरु आन्दोलन गर्न सक्षम छन् । प्राप्त उपलब्धि जोगाउन नसक्दा जनताले दुख व्यहोर्नुपरेको छ । लोकतन्त्रको लागि लडेका काङ्ग्रेस र नेकपा (एमाले) मिलेर सरकार बनाउँदा प्रजातन्त्र नरुचाउने अराजकता चाहने शक्तिले देश तहस नहस बनाउंदा पनि तिनैको पछि लाग्नु विडम्बना हो।सामाजिक संजाल प्रयोग गरि भ्रुठो र भ्रामक प्रचार, गाली गलौज र अराजकता फैलाउने काम सभ्य र प्रजातान्त्रिक समाजलाई नसुहाउने काम हो।

बहुमतको सरकार अपदस्थ गरेर संसदको निर्वाचनले पनि निकास दिने अवस्था ल्याउन खेल्ने अवस्था देशका लागि दुर्भाग्य हो । नेताहरूको कुण्ठा, ईर्ष्या, घमण्डले गर्दा लोकतान्त्रिक प्रणाली कमजोर भएको हो । जुन दलसँग ठूलो जनमत छ त्यही दलभित्र खेल्ने रोग शक्तिकेन्द्रहरुले गर्दै आएका छन् । काङ्ग्रेसले दुइ तिहाई बहुमत ल्यउदा होस या पटक पटक बहुमत ल्याउँदा दलभित्रको आन्तरिक खिचातानीलाई खेल्ने काम गरेकै हो । नेकपाको बहुमतमा खेल्ने काम भयो । नेकपा एमालेमा खेल्ने काम भयो । नेपालमा अस्थिरता कायम राख्न सधैं एउटै प्रवृत्ति हावी भएको छ । अहिले त छिमेकीलाई उछिनेर २४ घण्टाभित्र जे चाह्यो त्यही गर्न सक्ने हावी भएको छ।२००७ सालदेखि २०१७ सालसम्म दलहरुबीच बेमेलले गर्दा प्राप्त उपलब्धी संस्थागत हुन सकेन । अहिले पनि त्यही अवस्था छ । जुन जनताले नचाहेको र दलहरुको प्रतिबद्धता विपरितको क्रियाकलाप हुन् । संविधान जारी भए पछि दुई पटक भएका चुनावले पनि स्थानीय तह, प्रदेश र संघीय सरकारका बारेमा जनताले सन्तुष्टि जनाउन नसक्नु विडम्बना हो ।

जनताले दिने सेवा र शासन सत्ताना रहनेको व्यवहारले गर्दा जुन जोगी आएपनि कानै चिरेको थैलो भिरको उखान जस्तो बन्न पुगेको छ । सर्वसाधारणलाई कानुन लाग्ने ठुला र संगठित समुहले उन्मुक्ति पाउनु नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख मुलुक बनाउने कुरा अहिलेका गतिविधिले ठेस लागेको छ । प्रजातन्त्रमा सबैभन्दा ठूला जनता हुन्छन् ।कसैले जितेको र कसैले हारेको अनुभुति नगरी जनताको जित, देशको स्वाभिमान कायम हुनेगरी शासन संचालन गर्न सके मात्र प्रजातन्त्र बलियो हुन सक्छ । प्रजातन्त्र ल्याउनको निम्ति प्राण आहुति दिने र आन्दोलनमा लाग्ने सबैलाई यस अवसरमा स्मरण गर्न चाहन्छौं । सिमित बर्गले मात्र राज्यको साधन श्रोतको दोहन गर्ने बहुसंख्यक जनता नयाँ खालका शोषण र उत्पिडनमा पर्ने हो भने लोकतन्त्र बलियो हुन सक्दैन ।

सत्तामा पुगेकाहरुले जनतालाई आफुजस्तै सम्पन्न छन् भन्ने सोचाईका कारण जनतामा असन्तुष्टि बढ्दै गएको छ । जनताको असन्तुष्टिलाई अराजक र प्रियतावादीले खेल्ने ठाउँ नदिन लोकतान्त्रिक आचरण देखाउनु आवश्यक छ । लोकतन्त्रका दुई वटा पक्ष छन्, एउटा राजनीतिक अधिकारहरू प्राप्ति, रक्षा, विकास र उपयोग हो भने अर्को, राष्ट्रिय हितहरूको संरक्षण र सम्बर्द्धन हो । प्रजातन्त्रका विषयमा चर्चा गरिरहँदा राष्ट्रको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र लोकतन्त्रको रक्षाका लागि गरिएका आन्दोलनहरूमा योगदान गर्नेहरुप्रति उत्तिकै सम्मान र श्रद्धा गरिनुपर्दछ । प्रजातन्त्र–लोकतन्त्रलाई सत्ता प्राप्तिको दाउपेच र सडक आन्दोलनका नामा पोखिएको रगत र योगदान केही होइन भन्न मिल्दैन । 'समृद्ध नेपाल, सुखी नेपाली'को आकांक्षा पूरा गर्न तथा जीवनशैली र सोचलाई लोकतान्त्रिक बनाउन सदुपयोग गरौं । लोकतन्त्र–प्रजातन्त्र, राष्ट्रिय हित र स्वाभिमानका लागि समर्पित सबैप्रति साँचो सम्मान हुनेछ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक भ्रमेला | तुला | : आर्थिक समस्या |
| वृष | : मानसिक तनाब | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : भ्रमेला बढ्ने | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भन्नुहोस् ।

# भरूवा बन्दुकसहित दुई जना पक्राउ

पोखरापत्र संवाददाता
दमौली, ६ फागुन

तनहुँको देवघाट गाउँपालिका–४ बाट दुईथान भरूवा बन्दुकसहित दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा देवघाट–४ सार्वाङका ४० वर्षीय पूर्णबहादुर गुरूङ र २४ वर्षीय अर्जुन गुरूङ रहेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

इलाका प्रहरी कार्यालय साराङघाटबाट खटिएको प्रहरीको टोलीले उनीहरूलाई रिस्ती खोलाबाट पक्राउ गरी सार्वजनिक गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरिक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । ग्रामीण इलाकामा गस्ती गर्ने क्रममा निजहरूलाई बन्दुकसहित पक्राउ गरिएको उहाँले बताउनुभयो ।

निजहरूका साथबाट बारुदजस्तो देखिने कालोपदार्थ र फलामका टुक्रासमेत बरामद गरिएको छ । पक्राउ परेका दुवै जनाविरूद्ध मङ्गलबार जिल्ला अदालतबाट हातहतियार तथा खरखजानासम्बन्धी मुद्दामा सात दिन म्याद थप गरी अनुसन्धान थालिएको प्रहरीले जनाएको छ ।

# बहत्तर वर्षमा भुजेललाई नागरिकता



पोखरापत्र संवाददाता
दमौली, ६ फागुन

बन्दीपुर गाउँपालिका–४ लोहीपाखाकी ७२ वर्षीया मङ्गली भुजेलले अन्ततः नागरिकताको प्रमाणपत्र प्राप्त गर्नुभएको छ । लामो समयदेखि विभिन्न कारणले नागरिकता नहुँदा राज्यबाट प्रदान गरिने आधारभूत सेवासुविधाबाट वञ्चित उहाँलाई मङ्गलबार नागरिकताको प्रमाणपत्र प्रदान गरिएको हो ।

बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले आफू संरक्षक उहाँलाई सिफारिस गरेपछि नागरिकता प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले बताउनुभयो ।

# जाडो छल्न बेंसी भरेका मुस्ताङी मतदानका लागि गाउँ फर्किंदै

पोखरापत्र संवाददाता
मुस्ताङ, ६ फागुन

मुस्ताङमा चुनावी माहोल विस्तारै तात्तिन थालेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदा चुनावी चहलपहल सुरु भएको हो ।

निर्वाचनमा होमिएका उम्मेदवार मतदाता रिभाउन बेँसीमै व्यस्त थिए । तर जाडो छल्न बेँसी भरेका मतदाता फर्किन थालेपछि उम्मेदवार पनि मतदातासँगै लेकतिर उक्लिन थालेका छन् । मुस्ताङमा चार राजनीतिक दलका उम्मेदवारले पहिलो चरणको घरदैलो अभियान सम्पन्न गरेका छन् । यहाँ नेपाली कम्युनिष्ट पार्टी (नेकपा), मङ्गोल नेशनल अर्गनाइजेशन, उज्यालो नेपाल र आम जनता पार्टीका उम्मेदवारले घरदैलो गरेका थिए। अहिले नेपाल कम्युनिष्ट पार्टीका उम्मेदवार ढुट्क गुरुङले थासाङ गाउँपालिकादेखि घरदैलो थालेको बताउनुभयो। उम्मेदवारी दर्ता गराएपछि पूरै एक महिनाभन्दा बढी समय पोखरा, काठमाडौंमा रहेका मुस्ताङी मतदातासँग भेट गरेपछि जिल्लामै रहेका मतदाता भेट्नमा व्यस्त रहेको उहाँले बताउनुभयो। यसैगरी उज्यालो नेपाल पार्टीका उम्मेदवार डा सुरेन्द्र शेरचनले माथिल्लो मुस्ताङमा चुनावी घरदैलो सकेर काठमाडौं फर्किएको बताउनुभयो। बेंसी भरेका कतिपयले बेँसीमै घुम्ती ब्यापार सञ्चालन गर्छन् । माथिल्लो मुस्ताङका दुई स्थानीय तहका ८० प्रतिशत बढी मतदाता बेंसी भरेका थिए । तल्लो मुस्ताङका पनि ५० प्रतिशत बढी मतदाता बेंसी भरेका थिए। यहाँस्थित जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय र जिल्ला सुरक्षा समितिलगायतले निर्वाचन तयारीलाई तीव्रता दिइरहेको जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीले जानकारी दिनुभयो । निर्वाचन तयारीका लागि हालसम्म पाँच वटै स्थानीय तहका मतदानस्थलमध्ये ९० प्रतिशत मतदानस्थलको स्थलगत अवलोकन गरिसकेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "मौसमले साथ दिएमा निर्वाचन सम्पन्न गराउन केही अप्ठ्यारो पर्दैन, मौसम प्रतिकूल भएमा आयोगको निर्देशन अनुसार काम गर्छौं ।" निर्वाचनका लागि जिल्ला सुरक्षा योजना तयार भइसकेको प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचन सुरक्षाका लागि चार वटै सुरक्षा निकाय परिचालित भइसकेका छन् । दुई सय ३५ नेपाल प्रहरी र २६६ निर्वाचन प्रहरी गरी ५०१ सुरक्षाकर्मी परिचालन गरिएको जनाइएको छ । सशस्त्र प्रहरीले सशस्त्र र निर्वाचन प्रहरी गरी २०० बढी सुरक्षाकर्मी खटाएको छ ।

# स्व मियाँको स्मृतिमा एक लाखको अक्षयकोष

पोखरापत्र संवाददाता
दमौली, ६ फागुन

नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाले पूर्व सल्लाहकार एवं नेपाल प्रेस युनियन तनहुँका पूर्व अध्यक्ष शेष मोहम्मद हनिफ (गोरा) मियाँको स्मृतिमा एक लाख रुपैयाँको अक्षयकोष स्थापना गर्ने घोषणा गरेको छ ।

शाखाले स्व शेष मोहम्मद हनिफ (गोरा मियाँ) फोटो पत्रकारिता स्मृति पुरस्कार स्थापना गर्न लागेको हो । स्वर्गीय मियाँले फोटो पत्रकारिता क्षेत्रमा पुर्‍याउनुभएको योगदानलाई चीरस्थायी बनाउन शाखाले उक्त अक्षयकोष स्थापना गर्ने निर्णय गरेको शाखाका अध्यक्ष डिपी अधिकारीले जानकारी दिनुभयो ।

विसं २०१८ वैशाख ६ गते जन्मिनुभएका शेष मोहम्मद हनिफ मियाँको २०८२ माघ २१ गते ६४ वर्षको उमेरमा निधन भएको थियो ।

# म्याग्दीलाई हिमाली जिल्लाको मान्यता कार्यान्वयन गराउने प्रमुख मुद्दा

पोखरापत्र संवाददाता
म्याग्दी, ६ फागुन

म्याग्दीका उम्मेदवारले हिमाली जिल्लाको मान्यता कार्यान्वयन गराउने विषयलाई मुख्य चुनावी मुद्दा बनाएका छन् । सात वर्षअघि सरकारले केही नेपाल ऐन संशोधन गरेर म्याग्दीलाई हिमाली जिल्लामा सूचीकृत गरे पनि व्यवहारिक रूपमा कार्यान्वयनमा आउन नसकेकाले यहाँका उम्मेदवारले उक्त विषयलाई चुनावी मुद्दा बनाएका हुन् ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारले हिमाली जिल्लाको मान्यतालाई कार्यान्वयन गराउन ऐन, नियम र कार्यविधि संशोधन गर्ने विषयलाई प्राथमिकता दिने प्रतिबद्धता जनाएका हुन् । सरकारले विसं २०७५ फागुन १९ गते राजपत्रमा प्रकाशित गरी म्याग्दीलाई २१औं हिमाली जिल्लाका रूपमा सूचीकृत गरेको थियो । ऐन तथा कानुन संशोधन नहुँदा हिमाली जिल्लाको मापदण्डअनुसार सङ्घीय र प्रदेश सरकारले विनियोजन गर्ने बजेट, सञ्चालन गर्ने योजना, स्थानीय तहले पाउने अनुदान, शिक्षक तथा कर्मचारीले सेवासुविधालगायत पाउन सकेका छैनन् । नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीले म्याग्दीले पाएको हिमाली जिल्लाको मापदण्ड कार्यान्वयन गराए विकास आयोजना कार्यान्वयन गराउनेदेखि सार्वजनिक सेवा प्रवाहमा सहजता ल्याउनुपर्ने मुख्य आवश्यकता रहेको बताउनुभयो । तराई, सहरी र सुगम जिल्लाको मापदण्ड र कार्यविधिका कारण म्याग्दीमा विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा असर परेकाले कानुन संशोधन गर्नुपर्नेमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार हरिकृष्ण श्रेष्ठले जोड दिनुभयो । विकास आयोजना कार्यान्वयनमा देखिएको जटिलता, कर्मचारी आउनै नमान्ने, आए पनि सुगम क्षेत्र खोजेर जाने गर्नाले सार्वजनिक सेवा प्रवाहमा देखिएको समस्या समाधानका लागि हिमाली जिल्लाको मापदण्ड कार्यान्वयन गराउनुपर्ने नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार अर्जुन थापाले बताउनुभयो । सन्तुलित विकासका लागि हिमाली जिल्लाको मापदण्ड कार्यान्वयनमा जोड दिने स्वतन्त्र उम्मेदवार महाविर पुनले उल्लेख गर्नुभयो । शिक्षक तथा कर्मचारीले हिमाली जिल्लाको मापदण्डअनुसार अतिरिक्त आर्थिक सुविधा र कार्यसम्पादन मूल्याङ्कनको अङ्क नपाउँदा आकर्षित हुन सकेका छैनन् ।

सुगम ठाउँको मापदण्डलाई आधार मानेर दुर्गम र हिमाली जिल्लाको योजनामा छुट्याइने र बजेट अपुग हुने भएकाले अलपत्र पर्ने, अधुरा हुने र पूर्णता दिनका लागि नागरिक तथा स्थानीय तहलाई बढी भार पर्दै आएको उम्मेदवारको भनाइ छ । सुविधा र मूल्याङ्कन नहुँदा सरकारी कार्यालयमा दरबन्दीअनुसारको कर्मचारी अभाव हुने समस्या पनि देखिएको उहाँहरूले बताउनुभयो ।

हिमाल नजिकका बस्ती पहाडी भेगमा सूचीकृत हुँदा राज्यले हिमाली भेगका अन्य जिल्लाका बासिन्दालाई दिने सेवा सुविधाबाट म्याग्दीका दुर्गम बस्तीका बासिन्दा वञ्चित भएका धवलागिरि गाउँपालिका–१ गुर्जाका वडाध्यक्ष भ्रकबहादुर छन्त्यालले बताउनुभयो ।

धौलागिरि गाउँपालिकाको मुदी, गुर्जा, मल्कवाङ, रघुगङ्गाको कुइनेमङ्गले, चिमखोला, अन्नपूर्णको नारच्याङ र शिखको भूभाग हिमालसँग जोडिएका छन् । विश्वको सातौं अग्लो (८,१६७ मिटर) धौलागिरि प्रथमदेखि छैटौंसम्मका चुचुरासँगै मानापाथी, गुर्जा, चुरेन, पुथा, अन्नपूर्ण प्रथम, बराह शिखर, नीलगिरि हिमालको दक्षिण र पूर्वी मोहडा म्याग्दीको भूगोलमा समेटिएको वडाध्यक्ष छन्त्यालले जानकारी दिनुभयो ।

पैंतालिस वडा र छ स्थानीय तह रहेको म्याग्दीमा आसन्न निर्वाचनका लागि ११ दल र एक जना स्वतन्त्र उम्मेदवार प्रतिस्पर्धामा छन् । काङ्ग्रेसका भण्डारी, एमालेका श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीका थापा र स्वतन्त्र उम्मेदवार पुन मुख्य प्रतिस्पर्धी देखिनुभएको छ । यसैबीच, राष्ट्रिय स्वतन्त्र पार्टीका युवराज रोकाको उम्मेदवारी कायम रहे पनि उहाँले पुनलाई समर्थन गर्ने घोषणा गर्नुभएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का डम्मरबहादुर सुवेदी, नेकपा (माओवादी)का क्षेत्रबहादुर घिमिरे, प्रगतिशील लोकतान्त्रिक पार्टीका देवेन्द्र कामी, श्रम संस्कृति पार्टीका विनोद राना, राष्ट्रिय जनमोर्चाका छेमबहादुर विश्वकर्मा, मङ्गोल नेशनल अर्गनाइजेसनका भीमबहादुर लामा र नेशनल रिपब्लिकन नेपालका तुलप्रसाद गर्बुजा उम्मेदवार बन्नुभएको छ । म्याग्दीमा ८६ हजार ३९७ जना मतदाता छन् भने ८२ वटा मतदानस्थल र १२० वटा मतदान केन्द्र कायम गरिएका छन् ।

# अन्नपूर्णबाट करिब चार करोड मूल्यबराबरको सुन्तला बिक्री

पोखरापत्र संवाददाता
म्याग्दी, ६ फागुन

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका किसानले यस वर्ष सुन्तला बिक्री गरेर करिब रु चार करोड आम्दानी गरेका छन् ।

अन्नपूर्ण गाउँपालिकाको कृषि विकास शाखाले किसानहरूले बिक्री गरेको सुन्तलाको विवरण सङ्कलन गरेको हो । कृषि शाखाका प्राविधिक सम्भन्ना खत्रीले पालिकाका सबै बगैंचाबाट रु तीन करोड ८८ लाख मूल्यबराबरको सुन्तला बिक्री भएको जानकारी दिनुभयो । वडा नं १ दोवामा रु ७० लाख, वडा नं २ भुरुङ–तातोपानीमा रु ३९ लाख, वडा नं ३ दानामा रु २१ लाख, वडा नं ४ नारच्याङमा रु १० लाख, वडा नं ६ घारमा रु ६० लाख र वडा नं ७ हिस्तान दोसल्ले र औलामा रु एक करोड ८८ लाख मूल्यबराबरको सुन्तला बिक्री भएको उहाँले बताउनुभयो । दुई सय जनाभन्दा बढी किसानले न्यूनतम रु ५० हजारदेखि रु २० लाख मूल्यबराबरको सुन्तला बिक्री गरेका छन् । सबैभन्दा बढी दोसल्लेका किसान विकास श्रेष्ठले रु २० लाखको सुन्तला बिक्री गर्नुभएको छ । अन्नपूर्णका किसानले म्याग्दीमा सबैभन्दा पछि माघ लागेपछि सुन्तला टिपेर बजार पठाउन थालेका थिए । फागुन २ गतेसम्म सुन्तला टिपेर बजार पठाएका हुन् । गत वर्षको तुलनामा ४० प्रतिशत कम उत्पादन भएपनि दोब्बर मूल्य पाउँदा आम्दानी बढेको दोसल्लेका किसान श्रेष्ठले बताउनुभयो ।

दोसल्लेका किसानले प्रतिकिलोग्राम रु २०० सम्म सुन्तलाको मूल्य हात परेका छन् । सुन्तला अन्नपूर्ण गाउँपालिकाको प्रमुख नगदेबाली हो । यहाँ आलुपछि धेरै बिक्री हुने कृषिबालीमा सुन्तला रहेको छ । अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले सुन्तला बगैंचा विस्तार र व्यवस्थापनका किसानलाई सहयोग गरिएको बताउनुभयो ।

# छोराको जन्मदिनमा बाबाआमा परोपकार : मानव सेवा आश्रम र सहारा एकेडेमीलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

यूकेमा रहेका सचित गुरुङको १९ औं जन्मोत्सवमा उनका बाबा चन्द्रबहादुर र आमा शान्ता गुरुङले पोखराका दुई सामाजिक संस्थालाई आर्थिक तथा खाद्यान्न सहयोग गरेका छन् ।

छोराको जन्मदिनमा गुरुङ दम्पतीले पोखरा छोरेपाटनमा रहेको मानव सेवा आश्रमका २५ हजार ५ सय रुपैयाँ नगद र बेलुकाको खानासहित खाद्यान्न सहयोग गरे । उनीहरुले सहारा क्लबले सञ्चालन गरेको सहारा एकेडेमीमा रहेका बालकहरुलाई पनि बेलुकाको खाना र खाद्यान्न सहयोग उपलब्ध गराए ।

मानव सेवा आश्रमका आयोजित सहयोग कार्यक्रममा चन्द्रबहादुर गुरुङ भावुक बने । 'आश्रममा रहेका आमा र दिदीबहिनीहरुलाई देख्दा म भावुक बनेको छु, मेरो पनि आमा हुनुहुन्न । यहाँ आएर सहयोग गर्न पाउँदा खुसी लागेको छ,' उनले भने । छोराको जन्मदिनमा फजुल खर्च गर्नुभन्दा श्रीमती शान्ता गुरुङसँगको सल्लाहमा असहाय र विपन्नलाई सहयोग पुगोस् भन्ने उद्देश्यले यो कदम चालेको उनले बताए । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमले सचितलाई जन्मदिनको शुभकामना दिदैं सहयोगप्रति आभार व्यक्त गरिन । 'समाजमा धन भएकाहरु धेरै हुन्छन् । तर मन भएकाहरु कमै हुन्छन,' मनाव सेवामा भएको कार्यक्रममा उनले भनीन्, 'चन्द्र दाइहरु जस्तै ठूला मन भएकाहरुका कारण नै आश्रम चलिरहेको छ । आगामी दिनमा पनि सहयोगको अपेक्षा छ ।'

चन्द्रबहादुरले सहारा क्लबलाई पहिलेदेखि नै सहयोग गर्दै आएका छन् । सहारा एकेडेमीमा चन्द्रबहादुर र उनकी श्रीमती शान्ता गुरुङसहित चन्द्रका ४ दाजुभाइले एउटा कोठा समेत निर्माण गरेका छन् । एकेडेमीमा रहेका बालकहरुको शिक्षा र पालनपोषणमा सहयोग पुगोस् भनेर उनले जन्मदिनको अवसर पारेर खाद्यान्न सहयोग गरेका हुन् ।

सचित गुरुङ अहिले १९ वर्षमा लागेका छन् । उनी हाल यूकेमा बसेर सिभिल इन्जिनियरिङ विषय अध्ययन गरिरहेका छन् । बुवा चन्द्रबहादुर नेपाल आएको बखत छोराको जन्मोत्सव पारेर पोखरामा रहेको २ संस्थाहरुलाई सहयोग गरिएको हो । उक्त सहयोग कार्यक्रममा सचितकी बज्यै धनमाया गुरुङ, मामा विकाश गुरुङ, माइजु सुमिना गुरुङ, दिदी सनिजा गुरुङ र सोल्टीनी सुदिया गुरुङ सहभागी थिइन् ।

# म्याग्दीका ज्येष्ठ नागरिकहरू भन्नुहुन्छ– 'वर्षौंदेखि भोट हाल्दै आयौँ, तर विकास पाएनौँ'

**ध्रुवसागर शर्मा**
म्याग्दी, ६ फागुन

म्याग्दीको बेनी नगरपालिका- ४ मा पर्ने थामडाँडा गुरुङ बाहुल्यताको बस्ती हो । यो गाउँ सदरमुकाम बेनी बजारबाट नजिकै पर्छ । सोही गाउँका बासिन्दा हुनुहुन्छ ८८ वर्षीय जगतबहादुर गुरुङ पनि ।

गुरुङले गएको ६५ वर्षदेखि विभिन्न व्यक्ति र पार्टीलाई निर्वाचनमा मत दिँदै आउनुभएको छ । उहाँको गुनासो छ, "यतिका वर्षदेखि भोट हाल्दै आएँ, न गतिलो बाटोघाटो पाएँ, न पुल पुलेसा, न खानेपानी र सिँचाइको सुविधा । खोइ अब त भोट पनि किन हाल्ने हो र जस्तो लाग्न थालेको छ ।" सोही गाउँकी ८६ वर्षीया सतदेवी गुरुङ भन्नुहुन्छ, "छोरा नाति हुर्किएपछि विदेश जानुपर्छ, न देशमा काम पाइन्छ, न पौरख गरेर उत्पादन गरेको फलफूल अन्नपातको राम्रो पैसो पर्छ । सिंगा जान पुल छैन, बजार जान गतिलो मोटरबाटो छैन । चुनावको बेला कोको आउँछन्, यो गर्छु र त्यो गर्छु भनेर भोट माग्छन् । जितेपछि नाकमुखै देखाउँदैनन् ।"

बेनी नगरपालिका- २ बगरफाँटका ९२ वर्षीय वेदप्रसाद उपाध्यायले पनि भोट दिँदादिँदा थाकिसकेको तर नेताहरूले भनेजस्तो अझै नभएको बताउनुहुन्छ । उपाध्याय भन्नुहुन्छ, "पहिलाको तुलनामा विकास र सुविधा हुँदै नभएको त होइन, तर भनेजस्तो र जनताले चाहेजस्तो अझै हुन सकेको छैन ।" म्याग्दीका ज्येष्ठ नागरिक मतदाताहरूका यी प्रतिनिधिमूलक भनाइबाट दशकौँदेखि विभिन्न पार्टीका उम्मेदवारलाई भोट हाल्दै आएको तर आफूले चाहेको विकास अझैसम्म पनि नदेखिएको गुनासो व्यक्त भएको छ । चुनाव प्रचारका क्रममा गाउँगाउँ पुगेका उम्मेदवार तथा नेताहरूसँग भेट हुँदा उहाँहरूले खुलेरै असन्तुष्टि व्यक्त गर्ने गर्नुभएको छ । ज्येष्ठ मतदाताहरू भन्नुहुन्छ, "हामीले जीवनभर भोट हाल्यौँ, तर सडक, स्वास्थ्य, शिक्षाजस्ता आधारभूत सुविधा अझै पनि अपूरा छन् । भोट हाल्दाहाल्दै बूढो भयौँ तर विकास भने देख्न पाएनौँ ।"

उहाँहरूले विशेषगरी ग्रामीण भेगमा अझै पनि यातायात, खानेपानी, स्वास्थ्य सेवा र रोजगारीको अवसर अभाव रहेको उल्लेख गर्दै नेताहरूलाई प्रश्न गर्ने गर्नुभएको छ । "हामीलाई चुनावमा सम्झिन्छन्, तर चुनाव सकिएपछि हाम्रो आवाज हराउँछ", मङ्गला गाउँपालिका-५ का ७६ वर्षीय हरिकृष्ण पौडेलले भन्नुभयो । चुनाव प्रचारका क्रममा उम्मेदवारहरूले भने आगामी दिनमा विकासका कामलाई प्राथमिकता दिने आश्वासन दिएका छन् । उनीहरूले सडक विस्तार, रोजगारी, पर्यटन, स्वास्थ्यचौकी सुदृढीकरण, शिक्षा सुधार र कृषि क्षेत्रमा लगानी गर्ने प्रतिबद्धता जनाएका छन् । तर, ज्येष्ठ नागरिकहरू भने यस्ता आश्वासन विगतमा पनि धेरै पटक सुनेको तर व्यवहारमा नदेखिएको भन्दै आशङ्का व्यक्त गर्नुहुन्छ ।

म्याग्दीका ग्रामीण क्षेत्रका ज्येष्ठ मतदाताहरूको गुनासोले स्थानीय विकासको वास्तविक अवस्था उजागर गरेको छ । दशकौँदेखि लोकतान्त्रिक अभ्यासमा सक्रिय रहँदै आएका उहाँहरूले अब ठोस काम देख्न चाहेको स्पष्ट सन्देश दिएको स्थानीय यादव रिजालले बताउनुभयो । चुनावी माहोल तात्दै गर्दा ज्येष्ठ मतदाताहरूको आवाजले उम्मेदवारहरूलाई चुनौती दिएको छ । भोट मात्र होइन, अब परिणाम देखाउनुपर्ने समय आएको छ । मालिका गाउँपालिका-२ रुमका ७९ वर्षीय टेकबहादुर विक भन्नुहुन्छ, "हामीले जीवनभर भोट हाल्यौँ । सडक अझै अधुरा छन्, अस्पतालमा औषधि छैन, छोराछोरी रोजगारीको खोजीमा विदेश जानुपरेको छ । भोट हाल्दाहाल्दै बूढा भयौँ तर विकास भने देख्न पाएका छैनौँ ।" त्यस्तै, सोही स्थानकी ७० वर्षीया जमुना थापा भन्नुहुन्छ, "चुनाव आउँदा नेताहरू ढोग्छन्, हात समात्छन्, आशीर्वाद माग्छन् । तर चुनाव सकिएपछि हाम्रो गाउँमा फर्केर हेर्ने कोही हुँदैन ।" म्याग्दीमा उम्मेदवारहरूले रोजगारी, प्रविधि, शिक्षा र स्वास्थ्यलाई मुख्य एजेण्डा बनाएका छन् । जनभेटघाटमा उनीहरूले वृद्धवृद्धासँग आशीर्वाद लिने, हात समातेर केही पाइला हिँड्ने, परिवारको हालखबर सोध्नेजस्ता आत्मीय व्यवहार देखाइरहेका छन् । तर मतदाताहरूले यस्ता व्यवहारलाई चुनावी रणनीति मात्र ठानेका छन् । उम्मेदवारहरूले ग्रामीण सडक विस्तार, स्वास्थ्यचौकी सुदृढीकरण, शिक्षा सुधार र कृषि क्षेत्रमा लगानी गर्ने प्रतिबद्धता जनाएका छन् । तर ज्येष्ठ नागरिकहरू विगतमा पनि यस्ता आश्वासन धेरै पटक सुनेको तर व्यवहारमा नदेखिएको भन्दै शङ्का व्यक्त गरिरहेका छन् । ज्येष्ठ मतदाताहरूले अब ठोस काम देख्न चाहेको स्पष्ट सन्देश दिएका छन् । उनीहरूको भनाइमा, "हामीलाई भोट माग्न आउनुहोस्, तर चुनाव सकिएपछि पनि हाम्रो गाउँमा फर्केर हेर्नुहोस् । हामीलाई आधारभूत सुविधा दिनुहोस् ।"

ज्येष्ठ मतदाताहरूका यी गुनासाहरूलाई उम्मेदवारहरूले पनि गम्भीररुपमा लिएका छन् । नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीले ज्येष्ठ नागरिकहरूको चाहना पूरा गर्नेगरी काम गर्ने बताउनुभयो । जनताले खोजेको सुशासन, रोजगारी र भ्रष्टाचारको अन्त्य नै आफ्नो मुख्य एजेण्डा भएको बताउनुभयो । उहाँले भन्नुभयो, "उहाँहरूको गुनासोलाई म आत्मसात गर्दै विभाजनको राजनीति होइन सबैलाई समेट्ने विकासको बाटोमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु । मतदाताको विश्वासलाई कामबाटै प्रमाणित गर्छु ।" त्यस्तै नेकपा (एमाले) का उम्मेदवारका हरिकृष्ण श्रेष्ठले नेकपा एमाले जनताको सुख दुःखमा सधैँभरि जनतासँगै रहेको बताउँदै जनताको चाहनाअनुसार नै आफूले काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "समाजलाई विभाजन गर्ने भाषाशैली होइन, जनताको पक्षमा उभिने राजनीति आवश्यक छ । गरिब, किसान र युवाका मुद्दा संसद्मा बलियो रूपमा उठाउनेछौँ ।" नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार अर्जुनबहादुर थापाले "म्याग्दीमा अधुरा विकास योजना पूरा गर्नु आफ्नो प्राथमिकता भएको बताउनुभयो । उहाँले भन्नुभयो "आश्वासन होइन, स्पष्ट योजना र समयसीमासहित काम गरेर देखाउने हाम्रो लक्ष्य छ ।" त्यस्तै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीबाट राजिनामा दिएर म्याग्दीबाट स्वतन्त्र उम्मेदवार बनेका महावीर पुनले आफूलाई परम्परागत राजनीतिभन्दा फरक भएको दाबी गर्दै भन्नुभयो "जनताले पुरानो शैली अस्वीकार गरिसकेका छन् । पारदर्शिता, जवाफदेहिता र परिणाममुखी काम नै मेरो पहिचान हुनेछ ।" एउटा मात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा कूल ८६ हजार ३९७ मतदाता कायम भएका छन् । यस जिल्लामा आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दल र स्वतन्त्र गरी १२ जना उम्मेदवार चुनावी मैदानमा रहेका छन् ।

# 'जनताले नेता होइन,नेताले जनता खोज्ने परिपाटीको विकास गर्छु' -एमाले उम्मेदवार रश्मि आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, ६ फागुन



नेकपा (एमाले) कास्की क्षेत्र नं. २ का उम्मेदवार रश्मि आचार्यले जनताले नेता खोज्ने होइन,नेताले जनता खोज्ने परिपाटी विकास गर्ने प्रतिबद्धता जनाएका छन् । उनले आफू जनताको सेवक बन्न बाल्यकाल देखि नै राजनीतिमा लागेको उल्लेख गरे ।

उम्मेदवार आचार्यले भने–' जनताका सानो साना काम पनि प्रभावकारी नीति र कानुनको अभावमा अल्मलिएका छन् । भएका योजनाका काम गुणस्तरीय हुन नसकेको भन्ने जनताको गुनासो सम्बोधन गर्न नीति र कानुन नै आवश्यक छ ।' बुधबार पोखरा महानगरपालिका वडा नं. १५ मा आयोजित मतदाता भेटघाट गर्दै जितेर नियमित कार्यतालिका बनाएर स्थानिय संग समस्या र समाधानमा हिजो जस्तै निराकार हुने र स्थानीय आबश्यकताका बिकास निर्माणमा अगुवाइ र सहकार्य गर्ने आचार्यले उल्लेख गरे । 'प्रतिबद्धता पत्रहजुरहरूकै सल्लाहबाट तयार गरेको छु, अब सृजनात्मक तरिकाले कार्यान्वयन गर्छु 'उनले भने । उम्मेदवार आचार्यले अब ११ वटा वडाको सन्तुलित विकासको अवधारणाबाट अघि बढाउदै बृहत् पोखरा महानगरलाई स्थानीय तहको सहकार्यमा व्यवस्थित पर्यटनको शहर बनाउने उद्घोष गरे । मतदाता भेटघाटमा एमालेका वरिष्ठ नेता सोमनाथ अधिकारी प्यासी, केन्द्रिय सदस्यद्वय प्रभा कोइराला, मीना कुमारी गुरुङ, पूर्व केन्द्रिय सदस्य भिम कार्की, अनेम संघ केन्द्रिय सल्लाहकार सिर्जना शर्मा, एमाले कास्कीका कार्यबाहक अध्यक्ष भेषराज बराल, पोखरा महानगर कमिटी अध्यक्ष जीवन प्रसाद आचार्य सहित प्रदेश, जिल्ला र स्थानिय तहका नेता कार्यकर्ता सहभागी रहेको एमाले पोखरा १५ का अध्यक्ष माधवप्रसाद गौतमले जानकारी दिए ।

# मुस्ताङका ३९ मतदानस्थलमा २४० कर्मचारी खटाइँदै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ६ फागुन

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हिमाली जिल्ला मुस्ताङका ३९ मतदानस्थलमा २४० कर्मचारी खटाइने भएको छ ।

यहाँस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले एक मतदानस्थलमा छ कर्मचारी रहने गरी उक्त सङ्ख्यामा निर्वाचनस्थलमा कर्मचारी खटाउने तयारी गरेको हो । मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत दीपेन्द्र पौडेलका अनुसार मुस्ताङका ३९ मतदानस्थलमा मतदान अधिकृत तथा सहायक मतदान अधिकृत गरी ७८ जना कर्मचारी खटाइने तयारी भइरहेको छ । निर्वाचनका लागि एक मतदान स्थलमा एक जना मतदान अधिकृत,एक जना सहायक मतदान अधिकृत, तीन जना सहायक कर्मचारी र एक जना सहयोगी कर्मचारी खटिने सहायक निर्वाचन अधिकृत पौडेलले बताउनुभयो ।

घोषित प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचनमा खटाइने कर्मचारीहरू पहिलो प्राथमिकतामा सङ्घीय कार्यालय, दोस्रो प्राथमिकतामा प्रादेशिक कार्यालय र तेस्रो प्राथमिकतामा स्थानीय तहका कर्मचारीलाई समावेश गरिएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय जिल्ला कारागार मुस्ताङको अस्थायी मतदानस्थलका लागि पनि थप मतदान अधिकृत र सहायक मतदान अधिकृत गरी छ जना कर्मचारी खटाइने बताएको छ । यसैगरी हिमाली जिल्ला मुस्ताङमा ५०० भन्दा बढी मतदाता रहेको मतदानस्थलको सङ्ख्या आठ वटा र ५०० भन्दा कम मतदाता रहेको मतदानस्थलको सङ्ख्या ३१ वटा रहेको जनाइएको छ । यसका अलवा थप एक अस्थायी मतदान केन्द्र जिल्ला कारागारा शाखामा कायम गरिएको छ ।

निर्वाचनका लागि यहाँका ३९ मतदानस्थलमा ८६ स्वयंसेविक परिचालित हुनेछ । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार ५०० भन्दा बढी मतदाता रहेको मतदानस्थलमा तीन जना स्वयंसेविक र ५०० भन्दा कम मतदाता रहेको मतदानस्थलमा दुई जना स्वयंसेविक राख्न पाउने व्यवस्था मिलाइएको छ । निर्वाचनमा खटाइने स्वंयसेवकहरू सम्बन्धित मतदानस्थलमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतको सिफारिसमा नियुक्ति गरिने जनाईएको छ ।

यसैगरी जिल्ला निर्वाचन कार्यालयले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोग र खाद्यसंस्थान गरी ९५ प्रतिशत निर्वाचन सामग्री उपलब्ध भइसकेको जनाएको छ । मतपेटिका बाकस कार्यालयमै रहेको मतपत्र ढुवानी हेलिकप्टर मार्फत उपलब्ध हुने जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीले जानकारी दिनुभयो ।

# सञ्चालनमा आयो १३२ केभीको बुर्तिबाङ सवस्टेसन

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ फागुन



एक सय ३२ केभी बुर्तिबाङ सवस्टेसन सञ्चालनमा आएको छ । यही फागुन २ गते निर्माण सम्पन्न भएपछि फागुन ३ र ४ गते परीक्षण गरिएको सवस्टेसन मङ्गलबारदेखि नियमित रूपमा सञ्चालन गरिएको हो ।

एक वर्ष अघि सञ्चालनमा आउने भनिएको उक्त सवस्टेसनअन्तर्गत बागलुङको बडिगाड गाउँपालिका क्षेत्रमा स्थानीयले टावर निर्माण र लाइन तान्न अवरोध गरेपछि ढिलाइ भएको हो । कपिलवस्तुको मोतिपुरबाट सन्धिखर्कसम्मको लाइन निर्माण विसं २०७८ चैत १२ गते सुरु भएकामा अघिल्लो वर्ष असार ७ गतेदेखि सञ्चालन गर्ने योजना थियो । ठाउँठाउँमा काम गर्दा अवरोध आएपछि समयमा सञ्चालनमा ल्याउन नसकेको आयोजना प्रमुख मनोज चौधरीले बताउनुभयो । करिब डेढ वर्ष बडिगाडका स्थानीयले टावर निर्माण रोक्न माग गर्दै सर्वोच्चमा रिट दायर गरेपछि आयोजनाको काम रोकिएको उहाँको भनाइ छ । गत वर्ष असार ९ गते सर्वोच्चले रिट खारेज गरिदिएपछि तीव्रगतिमा काम गरेर सम्पन्न गरेको उहाँले बताउनुभयो । पहाडी जिल्लालाई केन्द्रीय प्रसारण लाइनसँग जोड्नका लागि कपिलवस्तुको मोतिपुरबाट आयोजनाले अर्घाखाँचीको सन्धिखर्क, गुल्मीको तम्घास, पौँदीअमराई हुँदै बुर्तिबाङ जोड्ने १३२ केभीको सवस्टेसन विसं २०७८ देखि निर्माण सुरु भएको थियो । ढोरपाटन नगरपालिका-२ खल्टुबोटमा सवस्टेसन निर्माण गरेर सञ्चालन गरिएको आयोजना प्रमुख चौधरीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामीले अघिल्लो वर्ष सञ्चालनमा ल्याउने गरी काम गरेका थियौँ तर, विभिन्न समस्याले गर्दा काम सम्पन्न हुन सकेको थिएन । फागुन २ गते काम सकिएलगत्तै परीक्षण गरेका थियौँ, अहिले नियमित रूपमा प्रसारणलाइन सञ्चालनमा आएको छ ।"

कपिलवस्तुबाट बुर्तिबाङसम्म ८६ किलोमिटर दूरी रहेको छ । यहाँ 'डबल सर्किट'को तार विस्तार गरिएको प्रमुख चौधरीले बताउनुभयो । उहाँका अनुसार रु चार अर्ब ७९ करोड लागतमा उक्त आयोजना सञ्चालनमा आएको हो ।

# गोरखा दरबार संग्रहालयमा नागरिक समाज कास्कीको पहलमा कलात्मक बोर्ड

**पोखरापत्र संवाददाता**
पोखरा, ६ फागुन

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभागअन्तर्गत गोरखा दरबार संग्रहालयमा कलात्मक कार्यालय बोर्ड राखिएको छ ।

बुधबार नागरिक समाज कास्कीको पहलमा काठको कलात्मक बोर्ड राखिएको हो । यसअघि, टिनसहित फ्लेसको तुलनामा अहिलेको बोर्डले पुरातात्विक एवं ऐतिहासिक संग्रहालयको महत्व झन् बढेको छ । बोर्ड हस्तान्तरणका लागि नागरिक समाज कास्कीका संस्थापक संयोजक रामबहादुर पौडेलको नेतृत्वमा बुधबार एक टोली गोरखा सदरमुकाम पुगेको थियो । टोलीले संग्रहालयका नासु हरि सारू मगरलाई बोर्ड हस्तान्तरण गरेको हो ।

नागरिक समाज कास्कीको यो सह्रानीय कार्यको प्रशंसा गर्दै सारू मगरले संग्रहालय घुम्न आउनेहरू प्रवेशद्वारमै कलात्मक बोर्डले थप आकर्षित हुने अपेक्षा गरे । नागरिक समाज कास्कीका संस्थापक संयोजक एवं वातावरण सफाइ महाअभियानका संयोजक पौडेलले पृथ्वीजयन्ती मनाउने सिलसिलाको तयारीमा संग्रहालय पुगेको बेला त्यहाँ कलात्मक बोर्ड राख्ने अभियानको सुरूवात गरिएको बताए । बोर्ड राख्न कुनै पनि सरकारी निकाय वा संघसंस्थाको सहयोग नलिई नागरिक समाजका सदस्यकै सहयोगमा सम्भव भएको नागरिक समाजका प्रवक्ता गोकुलबहादुर कार्कीले जनाए ।

कार्यक्रम संयोजकसमेत रहेका संस्थाका पूर्व अध्यक्ष विष्णुहरि अधिकारीले संग्रहालयको कलासँग म्याच खाने बोर्ड स्थापना गर्न पाउँदा खुसी लागेको प्रतिक्रिया दिए । उनले यो वातावरणमैत्री पनि रहेको बताए । कार्यक्रममा नागरिक समाजका सहसंयोजक दुर्गाकुमारी शर्मा, सहप्रवक्ता सूर्यनाथ पहारी, सदस्य शोभा श्रेष्ठ, शिवप्रसाद बास्तोलाको उपस्थिति थियो । नागरिक समाजले फोहोर मैला सरसफाइ अभियान, विभिन्न विकृति विसंगतिविरुद्ध आबद्ध बुलन्द तथा सरकार तथा सरोकारवालालाई सचेत गराउँदै आएको संयोजक नरेन्द्र लालचन बताउँछन् । यो संग्रहालय २०६५ जेठ १९ देखि सर्वसाधारणका लागि खुला गरिएको कार्यालय प्रमुख जयनारायण कार्कीले बताए ।

## लोमन्थाङ एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण तथा संचालनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/११/०७)**

गण्डकी प्रदेश, मुस्ताङ जिल्लाको लोमन्थाङ गाउँपालिका वडा नं. ५ मा लोमन्थाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | लोमन्थाङ गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय, लोमन्थाङ, मुस्ताङ |
| प्रस्तावको व्यहोरा | लोमन्थाङ एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण तथा संचालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला/ स्थानीय तह | मुस्ताङ जिल्ला, लोमन्थाङ गाउँपालिका वडा नं. ५ |

माथी उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री लोमन्थाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लोमन्थाङ, मुस्ताङ
ईमेलः lomanthanggaupalika@gmail.com, फोन नं.: +९७७-९८५७६३०३३०
२. श्री ग्रिनहेराल्ड इन्भाइरोमेन्टल एण्ड ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि., नयाँ बानेश्वर, काठमाण्डौं
ईमेलः geec.nepal@gmail.com, फोन नं.: +९७७-९८४६४०११८